मिति : २०७५।११।९

# पोखरा महानगरपालिकाको मेयर प्रविधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला कृषकको लागी सहयोग कार्यक्रम

पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को स्वीकृत कार्यक्रमको मेयर प्रविधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बालि प्रबर्दन कार्यक्रमको लागि सुन्तला बृहद क्लस्टरमा परेको **पोखरा २१ क्रिस्ती, निर्मल पोखरी** तथा **पोखरा २२ खाल्से क्षेत्रमा** ब्यबसायिक सुन्तला उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि नियमित बगैचा ब्यबस्थापन (काटछाट, मलखाद प्रयोग, बोर्डो मिक्स्चर स्प्रे, फेदमा बोर्डो पेस्ट लेपन, सिचाई तथा छापो ब्यबस्थापन ) गर्नुपर्ने भएकोले सो क्रियाकलाप अभियानको रुपमा संचालन गर्न सहयोग गरि कृषकको हौसला बढाउन, बगैचा ब्यबस्थापन गर्न र उत्पादन तथा गुणस्तर समेत बढ्ने भएकोले सो क्षेत्रका सुन्तला कृषकलाइ तपशिल अनुसार सहयोग गर्ने भएकोले उल्लेखित काम सम्पन्न गरि फर्मेट अनुसारको विवरण भरि पोखरा महानगरपालिका कृषि महाशाखामा **मिति २०७५ फाल्गुन ३० गते** भित्र कार्यालय समयमा निबेदन दिनुहुन अनुरोध छ।

तपशिल

- यो कार्यक्रम कम्तिमा १ रोपनीमा खेति गरेको र ५ बर्ष भन्दाको माथिको १० वटा भन्दा बढी फल दिने बिरुवाको लागि मात्र हुनेछ।
- प्रति बोट कम्तिमा ५० केजी मलखाद प्रयोग बापत रु ४०, बोटको १ मिटर उचाई सम्म बोर्डो पेस्ट लेपन गरेबापत रु ४० र बोटमा बोर्डो मिक्स्चर स्प्रे गरेबापत रु २० का दरले बढीमा प्रति बोट नगद रु १०० का दरले उपलब्ध गराइने छ ।
- सम्बन्धित वार्ड कार्यालय, कृषि प्राबिधिक तथा कृषि संजाल को समन्वयमा स्थलगत अनुगमन गरिनेछ।

**आवश्यक कागजात**

- बगैचा धनीको नागरिकता, खेति गरेको जग्गाको लालपुर्जाको प्रतिलिपि तथा काम सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पेश गर्नुपर्नेछ ।
- निवेदनको साथमा पेश गर्नुपर्ने बिबरण को फर्मेट

| सी न | किसानको नाम | ठेगाना | सम्पर्क न | यस बर्ष उत्पादन भएको परिमाण केजी मा | यस बर्ष सुन्तला बिक्रि बाट भयको आम्दानि रु | ५ बर्ष भन्दा तलको बोट संख्या | ५ बर्ष माथिको बोट संख्या | ५० प्रतिशत भन्दा बढी मरेका बिरुवा | मलखाद प्रयोग गरेका ५ बर्ष माथिका बिरुवा | बोर्डो पेस्ट लगाएको ५ बर्ष माथिका बिरुवा | बोर्डो मिक्स्चर स्प्रे गरेको ५ बर्ष माथिका बिरुवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोट : रित नपुगेको निबेदन र झुटा बिबरण पेश गर्नेलाई कार्यक्रममा समाबेश गरिने छैन ।

कार्यक्रमको थप जानकारीको लागि सम्न्धित वडा कार्यालय तथा कृषि महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ

www. pokharakrishi.com बाट समेत सूचना तथा फर्मेट हेर्न सकिनेछ।

मनोहर कडरिया
बागवानी विकास अधिकृत